# सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
# कार्यविवरण

| | |
|---|---|
| **टिम** | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन टिम (प्रतिवद्ध कार्यक्रम ३) |
| **पद** | विपद् सहजकर्ता |
| **सुपरिवेक्षक** | विपद् व्यवस्थापन अधिकृत (पालिका) |
| **कार्यस्थल** | सम्बन्धित पालिकाका समुदाय । |

## क. पृष्ठभूमि

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र २०४९ सालमा सिन्धुपाल्चोकमा स्थापना भएको सामाजिक संस्था हो । संस्थाले भूमि तथा कृषि अधिकार, जलवायु अनुकूलन जीविकोपार्जन, भूमिमा महिला अधिकार, पुनर्निर्माण तथा पुनर्स्थापना र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विषयमा काम गर्दै आएको छ ।

प्रतिबद्ध-३ ले प्रदेश, स्थानीय सरकार र बहुप्रकोपीय जोखिममा रहेका समुदायको विपद् पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वकार्य क्षमता सुदृढीकरणको माध्यमबाट जोखिम कम गर्नुका साथै सामुदायिक उत्थानशीलता बढाउने उदेश्य लिएको छ ।विपद् जोखिमको सम्मुखमा रहेका समुदायमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरी समिति र समुदायका मानिसहरुको क्षमता विकासका लागि सहजीकरण गर्नु विपद् सहजकर्ताको प्रमुख जिम्मेवारी हुनेछ । कार्यक्रमले निदृष्ट गरेका समुदाय तहका आमा समुह, युवा समुह, किशोरी समुह, उपभोक्ता समूह, भूमि अधिकार मंच र अपाङ्गता सम्बन्धी काम गर्ने समुह एबं संस्थाहरुसँग समन्वय गरी क्रियाकलापहरु सञ्चालन गर्न विपद् सहजकर्ता परिचालन गरिनेछ ।

विपद सहजकर्ता निम्न कार्यहरूको लागि जिम्मेवार हुनेछन्:

## ख. मुख्य जिम्मेवारीहरु

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन बारे विपद् जोखिमको सम्मुखमा रहेका परिवारहरुलाई निरन्तर अभिमुखिकरण गर्ने ।
- विपदको जोखिममा रहेका समुदायमा सामुदायिक विपद् व्यवस्थापन समितिको गठन, क्षमता विकास र परिचालन गर्ने।
- पूर्वानुमानमा आधारित पूर्वकार्य सहितको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा प्रक्रियामा समुदाय स्तरमा सहजीकरण गर्ने ।
- जोखिम समुदाय र स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र विच समन्वय गराउने ।
- मौसम पुवार्नुमानका सूचनाहरू नियमित रूपमा समुदायमा प्रवाह गर्ने ।
- जोखिम बर्ग २ र ३ मा रहेका घरधुरी र संस्थागत संगठनहरुको तथ्यांक संकलन गर्ने ।
- समुदायस्तरमा भएका प्रकोप जोखिम अवस्थाको निगरानी गरी अभिलेख गर्ने ।

- सहभागितामुलक विधि र प्रक्रिया अवलम्वन गरी समुदाय तहको जोखिम र स्रोत नक्सा तयार गर्ने। त्यस्तो नक्सा तयार गर्दा विपद्को समयमा अस्थायी स्थानान्तरण तथा भेला हुनका लागि आवश्यक सुरक्षित स्थान पहिचानलाई प्राथामिकतामा राख्ने ।
- योजना र उद्देश्य बमोजिमका कामको सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायहरु (स्थानीय तह, राजनीतिक दल, सञ्चार माध्यम र जनसंगठनहरू) सँग सम्पर्क समन्वय गर्ने ।
- कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु, छलफल, अन्तरक्रिया, तालिम, अभिमुखीकरण र गोष्ठीहरु संचालनमा सहयोग गर्ने ।हरेक कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुसार सहभागीता सुनिश्चितता गर्ने गराउने ।
- मासिक,तथा कार्यक्रमहरुको प्रतिवेदन तयार गर्ने र सुपरिवेक्षकलाई बुझाउने ।
- मासिक प्रतिबेदन, सफलता/प्रभाव र समस्याको घटना अध्ययन लेख्ने र दैनिक डायरी अध्यावधिक गर्ने ।
- आवश्यकता अनुसार साझेदार संस्थाहरुलाई सहजीकरण तथा सहयोग गर्ने ।
- संस्था तथा परियोजना नेतृत्व गर्ने संस्थाका नीति, नियम, तथा अनुशासन सम्बन्धी कार्यविधिहरुको पूर्ण पालना गर्ने ।
- परियोजनाको समुदाय पृष्ठपोषण तथा प्रतिकार्य संयन्त्र लागु तथा पालना गर्ने ।
- सर्वेक्षण १२३ अनुसार पहिरो जोखिम वस्ती तथा घटनाहरुको तथ्याङक संकलन गर्ने ।
- आवश्यकता अनुसार स्वविवेक र सुपरिवेक्षकको परामर्शमा कार्यक्रमका अन्य काम गर्ने ।

**ग. न्युनतम योग्यता**

| शैक्षिक योग्यता | कार्य अनुभव | दक्षता |
|---|---|---|
| न्युनतम दश दुई जोड उतीर्ण भएको हुनुपर्ने।<br><br>स्नातक तह उतिर्ण | सम्बन्धीत क्षेत्रमा कम्तीमा २ वर्षको कार्यअनुभव भएको।<br><br>सम्बन्धीत क्षेत्रमा कम्तीमा १ वर्षको कार्यअनुभव भएको। | • सम्बन्धित स्थानीय तहअन्तर्गतका वडा तथा समुदायको भौगोलीक, सामाजिक साँस्कृतिक परिवेशको राम्रो जानकारी भएको ।<br>• स्थानीयतहसँग प्रभावकारी सम्पर्क समन्वय गर्न सक्ने ।<br>• समुदायमा नियमित बैठक तथा छलफल सञ्चालन गर्न सक्ने । |